# गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गौर,रौतहट
### प्रदेश नं.२, नेपाल

**(प्रथम पटक प्रकाशित मिति २०७७/०३/०८ गते)**

**आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) सम्बन्धी प्रथम पटकको सूचना।**

गौर नगरपालिकाको नगरसभाबाट पारित आर्थिक ऐन २०७६ र सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार यस नगरपालिकाले विगतका वर्षहरुमा आन्तरिक आय संकलनको लागि ठेक्का लगाउदै आए अनुसार निम्न शिर्षकहरुमा कर उठाउन आ.व.२०७७/०७८ (एक बर्ष) को लागि बढाबढको माध्यमद्वारा ठेक्का वन्दोवस्त गर्नु परेकोले प्रथम पटक सुचना प्रकाशित भएको मितिले (१५) पन्ध्र दिनभित्र तपसिलका शर्तहरुको अधिनमा रहने गरी इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र छुटाछुटै रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र बिकी हुने अन्तिम मिति २०७७/०३/२२ गते कार्यालय खुल्ने समय सम्म।

२. दरभाउपत्र फाराम दस्तुर रु १,०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी कार्यालयमा दाखिला गर्नु पर्नेछ।

३. दरभाउपत्र दर्ता हुने अन्तिम मिति २०७७/०३/२३ गते दिउसो १२:०० बजे सम्म हुनेछ, र सोही दिन ५:०० बजे दर्ता हुन आएका दरभाउपत्रहरु यस कार्यालयमा खोलिनेछ।

४. दरभाउपत्र फारम खरिद गर्न फर्म वा कम्पनीको ईजाजत प्रमाण पत्रको प्रतिलिपि,मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.वा.०७५/०७६ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। व्यक्ति भएमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

५. दरभाउपत्रदाताले कबुल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको रा.वा.बैक गौरको च.हि.नं.१२१००३०३००००००५ मा जम्मा गरेको सक्कल बैक भौचर, फर्म कम्पनी ईजाजत प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.व.०७५/०७६ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

६. कबुल गरेको रकम एकमुष्ट बुझाएमा कबुल अंकको १०% ले हुने रकम छुट दिइनेछ। एकमुष्ट रकम बुझाउन नसक्नेलाई दरभाउपत्र स्वीकृत भए पश्चात ३ किस्तामा बुझाउने गरी किस्ताबन्दी गर्न सकिने छ। जसको लागि कबुल गरेको रकमको पहिलो किस्ता वापत नगद सम्झौता हुनु भन्दा पहिला नगर कार्यपालिकाको कार्यालय गौरमा बुझाई दोस्रो र तेस्रो किस्ताको हकमा "क" वर्गको बैकबाट गौर नगरपालिकाको नाममा जारी भएको १ (एक) वर्ष म्याद भएको बैक जमानत पत्र पेश गर्नु पर्नेछ। किस्तामा रकम बुझाउनेलाई छुट दिईने छैन।

७. नियमानुसार लाग्ने मू.अ.करको रकम ठेक्का रकम संगै यस नगर कार्यालयमा बुझाउनु पर्नेछ।

८. स्थानीय पूर्वाधार उपयोग शुल्क (सेवा शुल्क) को दरभाउपत्र फारम, फर्म वा कम्पनीले मात्र खरिद गर्न सकनेछ।

९. नगरपालिकाको कुनै प्रकारको बाँकी वक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले दरभाउपत्रमा भाग लिन पाउने छैन्।

१०. ठेक्का असुलीको दररेट यस कार्यालयको सुचना पाटीमा टाँस गरिनुको साथै दरभाउपत्र फारम साथै उपलब्ध गराईनेछ।

११. धरौटी रकम यस कार्यालयमा बुझाउनु पर्ने किस्ता रकममा मिन्हा हुने छैन। ठेक्का अवधि समाप्त भएपछि धरौटी रकम फिर्ता गरिनेछ।

१२. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

१३. सिलबन्दी खाम माथि दरभाउपत्रदाताको नाम, ठेगाना, ठेक्का नं., ठेक्काको शिर्षक प्रष्ट रुपमा खुलेको हुनु पर्दछ।

१४. अन्तिम दिनमा विदा पर्न गएमा अन्तिम मिति पछि कार्यालय खुलेको पहिलो दिन कायम हुनेछ।

१५. दरभाउपत्र, दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहबरमा खोलिनेछ, तर निजहरु उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

१६. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित आर्थिक ऐन नियम अनुसार हुनेछ।

**तपशिल**

| ठेक्का नं. | ठेक्काको नाम | आय शिर्षक | आ.व.०७७/०७८ को लागि न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|
| १/राजश्व/०७६/०७७ | स्थानीय पूर्वाधार उपयोग शुल्क | सेवा शुल्क | ८,५५,०००/- (मू.अ.कर बाहेक) | गौर बसपार्कभित्र आगमन र त्यहीबाट प्रस्थान गर्ने लामो तथा छोटो दुरीको सवारी साधन बाहेकको सवारी साधनमा स्थानीय पूर्वाधार उपयोग शुल्क लाग्ने छ। |
| २/राजश्व/०७६/०७७ | गुदरी बजार | बिटौरी कर | २,७४,०००/- | सार्वजनिक सडक पेटीमा रहेका अस्थायी पसल छैटी समेत |
| ३/राजश्व/०७६/०७७ | गौर बजार (राम जानकी मठ नजिक) | बिटौरी कर | ६५,५५५/- | |
| ४/राजश्व/०७६/०७७ | गुदरी बजार नजिकको सार्वजनिक शौचालय | सेवा शुल्क | १५,५५१/- | |
| ५/राजश्व/०७५/०७६ | बरहवा खोला नजिकको सार्वजनिक शौचालय गौर १ | सेवा शुल्क | ७,०००/- | |

सुमन कुमार कार्की
प्रमुख प्रशासकिय अधिकृत